**प्रेस विज्ञप्ति : खाद्य सुरक्षा अवस्था (मंसिर २०७२ देखि फागुन २०७२ सम्म)**

## कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रम
## नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP)
## युरोपियन युनियनको सहयोगमा

### १. वर्तमान अवस्था: मंसिर २०७२ देखि फागुन २०७२

### संक्षिप्त विवरण

फागुन महिनाको अन्तमा ७४ जिल्लाका जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले बैठक गरी मंसिर, २०७२ देखि फागुन, २०७२ सम्मको अवधिको खाद्य सुरक्षा अवस्थाको विश्लेषण र चैत्र, २०७२ देखि असार, २०७३ सम्मको पूर्वानुमानको प्रक्षेपण गरे । जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले एकिकृत खाद्य सुरक्षा चरण वर्गिकरणको विधि[१]मा आधारित भएर हरेक गा.वि.स.लाई वर्गीकरण गरेका हुन् । समग्रमा, जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले १३४ गा.वि.स.लाई उच्चतम् (चरण ३), ७५१ गा.वि.स. तथा न.पा.लाई मध्यमस्तरीय ( चरण २) र २६४६ गा.वि.स. तथा न.पा.लाई न्यूनतम खाद्य असुरक्षित (चरण १) को अवस्थामा वर्गीकरण गरे । यस अवधिमा कुनै पनि गा.वि.स.हरू खाद्य असुरक्षाका दृष्टिकोणले गम्भिर खाद्य असुरक्षित अवस्था (चरण ४) मा वर्गिकरण भएनन् । खाद्य असुरक्षाका क्षेत्रहरूको भौगोलिक वितरण नक्शा १ मा हेर्नुहोस् ।

यस अवधिमा मुख्यत: चार कारक तत्वहरूले खाद्य सुरक्षाको अवस्थामा प्रभाव पार्‍यो: २०७२ बैसाखको भूकम्प, २०७२ को वर्षेबाली (खास गरी धान र मकै) को उत्पादनमा आएको ह्रास, सीमावर्ती व्यापारको अवरोधको फलस्वरुप इन्धन संकट साथै अत्यावश्यक खाद्यवस्तुहरूको न्युन आपूर्ति तथा मूल्य बृद्धि र हिउँदमा मध्य तथा सुदूर पश्चिममा भएको खडेरी । यद्यपि यी घटनाले समग्र देशकै खाद्य सुरक्षा अवस्थामा प्रभाव पारेका भएता पनि केहि जिल्ला र क्षेत्रमा भने अन्य क्षेत्रमा भन्दा अत्यधिक नै प्रभाव पार्‍यो ।

### मुख्य बुँदाहरू

पश्चिम तथा भध्य क्षेत्रका भूकम्प प्रभावित जिल्लाहरू गोरखा, धादिङ, रसुवा, दोलखा र रामेछापमा उल्लेखनीय संख्यामा गा.वि.स.हरू खाद्य असुरक्षित रहे । समग्रमा अन्य जिल्लाहरू करिब करिब गत विश्लेषण अवधि श्रावण २०७२ देखि कार्तिक २०७२ जस्तै अवस्थामा रहे । यद्यपि सिन्धुपाल्चोकमा खाद्य सुरक्षाको अवस्थामा उल्लेखनीय सुधार भएको रिपोर्टिङ छ भने धादिङमा अवस्था खस्किएको छ । जिल्ला खाद्य सुरक्षा सञ्जाल सिन्धुपाल्चोकले जनाए अनुसार यो सुधार मुख्यत: गएको बर्षेबालीमा भएको उत्पादनमा बृद्धि र सरकारी तथा गैह्र सरकारी क्षेत्रबाट सञ्चालित विकास कार्यक्रमको योगदानका कारणले नै हो भने धादिङमा विग्रँदो अवस्थाको कारक तत्वको रुपमा भने मुख्यत: भूकम्पको विपद पछिको पुन: निर्माणका कार्यक्रमहरूमा आएको कमी, खानेपानीको कमी, स्वास्थ्य तथा सरसफाईको कमी र उत्तरी दुर्गम क्षेत्रमा यातायात तथा बजार पहूँचको कठिनतालाई औंल्याइएको छ ।

जिल्ला खाद्य सुरक्षा सञ्जालले कर्णालीका पाँच (हुम्ला, मुगु, जुम्ला, डोल्पा, र कालीकोट) तथा सूदुरपश्चिम विकास क्षेत्रको बाजुरामा खाद्य सुरक्षाको अवस्था उल्लेखनीय रुपमा बिग्रिएको जनाए । यी जिल्लाहरूमा मुख्यत: गत २०७२ सालको वर्षेबालीको उत्पादनमा भएको ह्रास, बाली उत्पादन रिक्त हुने हिउँदको समय, यार्चागुम्बाबाट न्युन आय, हिउँदमा कम वर्षा र विद्यमान खडेरीका कारणले खाद्य सुरक्षाको अवस्था उल्लेखनीय रुपमा बिग्रिएको जनाइएको छ । यसका साथै मध्य तथा सुदूर पश्चिमका अन्य पहाडी जिल्लाहरू पनि खडेरीबाट प्रभावित भएका थिए, यद्यपि खडेरीको मार माथि उल्लेखित जिल्लाहरूमा भन्दा अन्य जिल्लाहरूमा केहि कमी रह्यो ।

२०७२ असौज देखि फागुन सम्म भएको बन्द हडताल तथा सीमावर्ती व्यापार नाकाबन्दीका प्रभावका कारण मध्य तराईका चार जिल्ला क्रमश: धनुषा, महोत्तरी, सर्लाही र रौतहटको खाद्य सुरक्षाको अवस्था चासोको विषय रहेको जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले जनाए ।

---

[१] चरण वर्गिकरण विधी मार्फत जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले स्थापित प्रक्रिया र साधनहरूको प्रयोग गरि सहमतिका आधारमा खाद्य असुरक्षाको गम्भिरतालाई पाँच चरणमा वर्गिकरण गर्दछन्: **न्यूनतम खाद्य असुरक्षित अवस्था (चरण १)-** यस अवस्थामा जीविकोपार्जनका पद्धतिहरू (उपायहरू) परिवर्तन नगरिकन घरधुरीहरूले खाद्य र गैह्र खाद्य आवश्यकताहरू पूरा गरिरहेका (धानी रहेका) हुन्छन्, **मध्यम्स्तरीय खाद्य असुरक्षित अवस्था (चरण २)-** यस अवस्थामा घरधुरीहरूले परम्परागत निर्वाह पद्धति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरू परिपूर्ति गर्न सक्छन्, तर केही अत्यावश्यक गैह्र खाद्य आवश्यकताका लागि भने पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाहपद्धतिहरू नअपनाई उक्त आवश्यकता पूरा गर्न सक्दैनन्, **उच्चत्तम् खाद्य असुरक्षित अवस्था (चरण ३)-** यस अवस्थामा घरधुरीहरू खाद्य उपभोग अभावको उच्चतम अवस्थामा हुन्छन वा जीविकोपार्जनका साधनहरूको घट्दो परिस्थितिवाट मात्र न्यूनस्तरको खाद्य आवश्यकता पूरा गर्न सक्दछन्, **आपतकालीन वा गम्भिर खाद्य असुरक्षित अवस्था (चरण ४)-** यस अवस्थामा घरधुरीहरूले जीविकोपार्जनका साधनहरू नगुमाइकन खाद्य तथा गैह्र खाद्य आवश्यकताहरू परिपूर्ति गर्न सक्दैनन्; र **मानवीय आपतकालीन अवस्था (चरण ५):** यस अवस्थामा घरधुरीहरू खाद्य र अन्य आधारभूत आवश्यकताहरूको चरम अभावमा हुन्छन् जहाँ भोकमरी, अभाव, मुख्य स्रोतहरूको परिपूर्ति नहुने गरी क्षति भएको र मानवीय क्षति भएको प्रष्ट देखिन्छ ।

नक्सा १: नेपालको खाद्य सुरक्षा अवस्था (मंसिर देखि फागुन २०७२)



**खाद्य सुरक्षा सञ्जाल बैठकका निष्कर्षहरू**

जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले ११ जिल्लाका १३४ गा.वि.स.हरू (बाजुरामा १३ गा.वि.स., हुम्ला १८, मुगु १२, कालिकोट १०, डोल्पा ६, गोरखा २०, धादिङ १६, दोलखा १२, रामेछाप १२, नुवाकोट १३, र रसुवा २) लाई उच्चतम् खाद्य असुरक्षित (चरण ३) अवस्थामा वर्गिकरण गरे र अनुमानित ३ लाख मानिसहरूलाई मानवीय सहयोगको आवश्यकता रहेको जनाए। चरण ३ यस्तो अवस्था हो जहाँ खाद्य उपभोगको अभावको अवस्था सामान्य अवस्था भन्दा धेरै बढि हुन्छ र घरधुरीहरूले तीव्ररुपमा जीवनयापनका साधनहरू गुमाएर मात्र न्यूनतम् खाद्य आवश्यकता पूरा गर्न सक्दछन् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले यस्तो अवस्था आउनुका मूख्य कारणको रुपमा गत बैसाख २०७२ मा गएको भूकम्पको निरन्तर प्रभाव, बर्षे बालीहरू (खास गरी मकै, धान र कोदो) को उत्पादनमा आएको ह्रास, बाली उत्पादन रिक्त हुने हिउँदको याममा घरधुरीहरूमा आएको खाद्य सञ्चितिको गिरावट, एवं भारतीय सीमानाकामा भएको ब्यापार अवरोधका कारण इन्धन समस्या र खाद्यबस्तुमा भएको मूल्यबृद्धि जनाए। यद्यपि मध्य र सुदूर पश्चिमी क्षेत्रमा भने जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले बर्षे बालीहरूको उत्पादनमा आएको ह्रास र यार्चागुम्बा संकलनमा आएको कमीले गर्दा पहिले नै विग्रन गएको खाद्य सुरक्षाका अवस्था बाली उत्पादनका हिसाबले हिउँदको रिक्त समय र निरन्तर खडेरीका कारण अरु बढि खस्कन गएको जनाए । केहि जिल्लाका जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले जनाए अनुसार खाद्यवस्तुको अपर्याप्त आपुर्ति, उच्च मूल्य बृद्धि तथा नेपाल खाद्य संस्थानको सीमित आपुर्तिका कारणहरूले पनि खाद्य सुरक्षाको स्थिति बिगार्नमा योगदान पुर्‍याए ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले २८ जिल्लाका धेरै गा.वि.स.हरू (जम्मा ७५१) लाई मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गीकरण गरे । चरण २ यस्तो अवस्था हो, जहाँ घरधुरीहरूले परम्परागत निर्वाह पद्धति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरू परिपूर्ति गर्न सक्दछन्, तर केही अत्यावश्यक गैर खाद्य आवश्यकताका लागि भने घरधुरीहरूले पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाह पद्धतिहरू नअपनाई उक्त आवश्यकता पूरा गर्न सक्दैनन् । तराई क्षेत्रमा आश्विन देखि फागुन २०७२ सम्म भएको नागरिक अशान्ति र भारतीय सीमानाकामा भएको अवरोधका कारण, तराईका धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लाका जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले सम्पूर्ण गा.वि.स. तथा नगरपालिकाहरूलाई मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा वर्गीकरण गरे । भौगोलिक रुपमा मध्यमस्तरीय खाद्य असुरक्षित गा.वि.स.हरू निम्नअनुसार रहेका छन्: ओखलढुङ्गा १६ गा.वि.स., गोरखा १७, मकवानपुर १०, दोलखा १०, रामेछाप २२, रसुवा १२, नुवाकोट २६, काभ्रेपलाञ्चोक ३२, सिन्धुपाल्चोक ३३, अछाम २०, बैतडी १४, बझाङ ३०, बाजुरा १४, दार्चुला २५, डोटी १८, डोल्पा १७, हुम्ला ९, मुगु १२, जुम्ला १४, कालिकोट २०, सल्यान १८, दैलेख १३, सुर्खेत १४, र जाजरकोटमा ६ गा.वि.स.हरू ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले बाँकी गा.वि.स.हरू (२,६४६) लाई न्यूनतम खाद्य असुरक्षित (चरण १) अवस्थामा वर्गीकरण गरे । यो त्यस्तो अवस्था हो, जहाँ घरधुरीहरूले जीविकोपार्जनका पद्धतिहरू (उपायहरू) परिवर्तन नगरिकन खाद्य र गैह्र खाद्य आवश्यकताहरू पूरा गर्न सक्दछन् । ती घरधुरीहरूले आफ्नो सामाजिक, प्राकृतिक तथा आर्थिक हैसियतका कारण खतरा, प्रकोप, संकट, माहामारी र द्वन्द वा हिंसाका कारण हुन सक्ने सानो स्तरका तनावहरू झेल्न सक्दछन् । ती क्षेत्रहरूमा बर्षे बालीहरूको (मकै, धान र कोदो) उत्पादनका कारण भएको पर्याप्त खाद्य सञ्चिति एवं कृषिजन्य र गैर कृषिजन्य कृयाकलापहरूबाट प्राप्त आम्दानीले गर्दा घरधुरीको खाद्य उपलब्धता र पहुँचमा सहयोग पुर्‍यायो र प्राकृतिक र मानव सृजित विपत्तिले घरधुरीको खाद्य उपयोगिता र स्थिरतामा सामान्य मात्र प्रभाव पार्‍यो ।

## २. पूर्वानुमान : चैत्र २०७२ देखि असार, २०७३

### संक्षिप्त विवरण

जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले, हालको अवस्था र भावी सम्भावनालाई मध्यनजर गर्दै, चैत्र २०७२ देखि असार, २०७३ सम्मको अवधिमा खाद्य सुरक्षाको अवस्था सप्रिने, यथास्थितिमा रहने वा खस्किन सक्ने बारेमा समेत प्रक्षेपण गरेका छन् । देशकै प्रमुख हिउँदे बाली गहुँ, जुन विशेष गरी पहाडी र तराई क्षेत्रमा अधिकतम रुपमा लगाइन्छ, यसै अवधि (बैसाख /जेष्ठ) मा उठाइन्छ । यद्यपि गहुँ तथा अन्य हिउँदेबालीले हिमाली क्षेत्रको खाद्य सुरक्षामा उल्लेखनीय योगदान पुरयाउँदैन । मध्य र सुदूर पश्चिमका धेरैजसो क्षेत्र अत्यधिक खडेरीको मारमा परेको छ । जस्ले गर्दा गहुँको उत्पादनमा अधिकतम ह्रास आउने देखिन्छ र फलस्वरुप चैत्र २०७२ देखि असार, २०७३ सम्मको अवधिमा खाद्य सुरक्षाको अवस्थामा प्रतिकूल असर पर्ने निश्चित छ ।

### पूर्वानुमानका आकलन तथा नतिजाहरू

समग्रमा जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले चैत्र २०७२ देखि असार, २०७३ सम्मको अवधिमा खाद्य सुरक्षाको अवस्था विग्रन सक्ने पूर्वानुमान गरेकाछन् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले, ३६ वटा गा.वि.स.हरू गम्भिर खाद्य असुरक्षित् (चरण ४) अवस्थामा जानसक्ने, २२५ गा.वि.स.हरू उच्चतम खाद्य असुरक्षित (चरण ३) अवस्थामा वर्गीकरण हुनसक्ने र ४३७ गा.वि.स.हरू मध्यमस्तरिय खाद्य असुरक्षित् (चरण २) अवस्थामा वर्गीकरण हुनसक्ने संभावना देखाएका छन् ।

खाद्य सुरक्षा सञ्जालले ३६ गा.वि.स. (दोलखा १२, डोल्पा ६, र हुम्ला १८) गम्भिर खाद्य असुरक्षित (चरण ४)को अवस्थामा वर्गीकरण हुनसक्ने पूर्वानुमान गरेका छन् । चरण ४ यस्तो अवस्था हो जहाँ जिवनयापनका साधनहरू नगुमाई घरधुरीहरूले आफ्नो खाद्य तथा

गैह्र खाद्य आवश्यकता पूरा गर्न सक्दैनन् त्यसकारणले उनीहरूलाई तत्कालै केहि सहयोगको आवश्यकता पर्दछ। जिल्ला खाद्य सुरक्षा सञ्जालले हुम्ला र डोल्पामा यो पूर्वानुमान हिउँदेबालीको उत्पादनमा हुनसक्ने अत्यधिक ह्रास (७० प्रतिशत सम्म कमी), साथै कृषिजन्य कृयाकलाप, गैह्र काष्ठ वन पैदावार र पशुपालनबाट हुने आम्दानीमा कमी आदिलाई जनाएका छन्। दोलखा जिल्लामा खाद्य सुरक्षा सञ्जालले यो पूर्वानुमानको प्रमुख कारणहरूमा हिउँदेबालीको उत्पादनमा कमी, ज्यालादारी रोजगारीबाट हुने आम्दानीमा आउने न्युनता र खाद्यवस्तुहरूमा हुनसक्ने उच्च मूल्यबृद्धि आदिलाई जनाएको छ, यो अवस्था विशेष गरी सिंगटी क्षेत्रमा टड्कारो रुपमा देखिन सक्छ, किनकि त्यहाँ बजारको पूर्वाधार पुन:निर्माणको काम सम्पन्न हुन नै बाँकी छ।

अपेक्षित हिउँदेबालीको उत्पादनमा हुनसक्ने हास साथै कृषिजन्य कृयाकलाप, गैह्र काष्ठ वन पैदावार र ज्यालादारी रोजगारीबाट हुने आम्दानीमा आउन सक्ने कमी तथा खाद्यवस्तुहरूको संभावित मूल्यबृद्धिका कारण १४ जिल्लाका जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले २२५ गा.वि.स.हरू (अछाममा २०, बैतडी १४, बझाङ १७, बाजुरा १३, डोटी १८, डोल्पा १७, हुम्ला ९, मुगु १२, धादिङ ५, रसुवा २, नुवाकोट १३, काभ्रेपलाञ्चोक ३२, सिन्धुपालचोक ३३, र गोरखा २० गा.वि.स.) उच्चतम खाद्य असुरक्षित (चरण ३) अवस्थामा वर्गीकरण हुनसक्ने पूर्वानुमान गरेका छन्।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले २५ जिल्लाका ४३७ गा.वि.स.लाई मध्यमस्तरिय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गीकरण हुनसक्ने संभावना देखाएका छन्।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले देशका बाँकी क्षेत्रहरू न्यूनतम खाद्य असुरक्षित (चरण १) अवस्थामा वर्गिकरण हुन सक्ने पूर्वानुमान गरेका छन्। ती क्षेत्रका घरधुरीहरूले हिउँदे बाली उत्पादन मार्फत खाद्य सञ्चिति परिपूर्ति गर्नेछन् र कृषिजन्य तथा गैह्र कृषिजन्य कृयाकलापहरूबाट निरन्तर आम्दानी प्राप्त गर्नेछन्। साथै, जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले यस अवधिमा खाद्य सुरक्षालाई प्रत्यक्ष असर पुर्‍याउने खालका कुनै प्राकृतिक वा मानव सिर्जित प्रकोपका घटनाहरू नहुने अपेक्षा गरेका छन। यद्यपि वर्षा यामको पूर्व सन्ध्यामा अर्थात् जेष्ठ /आषाढ महिना तिर विशेषगरी हिमाली क्षेत्रहरूमा सडक यातायात अवरुद्ध हुनसक्ने संभावना भने छ।

### ३. पृष्ठभूमिः

नेपालको ७५ मध्ये ७४ जिल्ला (काठमाडौं बाहेक) हरूमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) जिल्ला खाद्य सुरक्षा सञ्जालहरू सहित सञ्चालनमा रहेको छ। राष्ट्रिय योजना आयोगको रणनीतिक निर्देशन तथा यूरोपियन यूनियन (EU) तथा संयुक्त अधिराज्य बेलायत (UK aid) को आर्थिक सहयोगमा, कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमले NeKSAP कार्यान्वयन गरिरहेको छ। थप साझेदारहरूमा, केन्द्रीय तथ्याङ्क विभाग (CBS), खाद्य तथा कृषि संगठन (FAO), राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय (NNFSS), ICIMOD र CGIAR, कृषि तथा जलवायु अनुसन्धान कार्यक्रम, कृषि तथा खाद्य सुरक्षा (CCAFS) पर्दछन्।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले नेपालमा हरेक चौमासिक अवधिमा (फागुन, आषाढ,र कार्तिक) र कुनै बृहत प्रकोपको घटना भएको समयमा जस्तोकि २०७२ बैसाख महिनामा गएको विनासकारी भूकम्पको बेलामा जस्तै तत्काल रुपमा तीव्र खाद्य असुरक्षाको गम्भीरता र कारणहरू वर्गीकरण गर्नका लागि NeKSAP खाद्य सुरक्षा चरण वर्गिकरण विधिको प्रयोग गर्छन (कृपया पाद टिप्पणी पृष्ठ १मा हेर्नुहोला)। खाद्य सुरक्षा सम्बन्धी बृहत्तर जानकारीका लागि भने NeKSAP बाट प्राप्त सूचनाहरू सहित दीर्घकालिन खाद्य असुरक्षा, विपोषण (Undernutrition) र गरीबी सम्बन्धी जानकारी दिने श्रोत सामाग्रीहरू पनि अध्ययन गर्नु उपयूक्त हुन्छ, जस्तै 2011 Nepal Demographic and Health Survey (NDHS), 2010/11 Nepal Living Standard Survey (NLSS), 2014 Small Area Estimation of Food Insecurity and Undernutrition in Nepal, 2014 IPC Chronic Food Insecurity Analysis and 2014 Multiple Indicator Cluster Survey.